# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ७ मितिः २०७६/०९/२५

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रामपुर नगरपालिकाको
## टोल विकास संस्थाको कार्यविधि, २०७६

*प्रस्तावना*

स्थानीय सरकारलाई कानून बमोजिम प्राप्त अधिकार तथा जिम्मेवारी पुरा गर्न स्थानीय टोल विकास संस्थाहरुलाई नेतृत्वको विकास,सहभगितात्मक योजना तर्जुमा, उद्यमशिलताको विकास,गरीवी न्यूनिकरण जस्ता क्षेत्रमा क्रियाशिल तथा सहभागी गराई विकासको अवसर र लाभको समानुपातिक वितरण मार्फत नगरवासीहरुको आर्थिक सामाजिक लगायत सर्वाङ्गिण विकासलाई व्यवस्थित गर्न यस रामपुर नगरपालिकामा गठन भएका टोल विकास संस्थाहरुको कार्यविधि तर्जुमा गरी लागू गर्न वाञ्छनीय देखिएकोले यो कार्यविधि स्वीकृत गरिएको छ ।

## परिच्छेद १

### *१. संक्षिप्त नाम र प्रारम्भ*

१. यो कार्यविधिको नाम **"टोल विकास संस्था गठन सम्बन्धी कार्यविधि" २०७६** रहेको छ ।

२. यो कार्यविधि नगरसभा बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

### *२. परिभाषा*

क) ***संस्थाः*** "संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

ख) ***सभा :*** "सभा" भन्नाले टोल विकास संस्थाको सभालाई सम्झनु पर्दछ ।

ग) ***कार्यसमितिः*** "कार्य समिति" भन्नाले टोल विकास संस्थाको कार्य समितिलाई सम्झनु पर्दछ ।

घ) ***बचत :*** "बचत" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले मासिक रुपमा जम्मा गरेको बचत र यस बाट बढे/बढाएको रकमलाई सम्झनु पर्दछ।

ङ) ***ऋणः*** "ऋण" भन्नाले संस्थाका सदस्यलाई उपलब्ध गराएको ऋण सम्झनु पर्दछ ।

च) ***टो.बि.स.:*** "टो.वि.स." भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

छ) ***नगरपालिका :*** "नगरपालिका" भन्नाले रामपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

### *३.टोल विकास संस्थाको गठन*

१. निर्धारित चारकिल्ला सिमाना भित्र बसोवास गर्ने टोलबासी मिली टोल विकास संस्था गठन हुनेछ । टोल विकास संस्थाको कार्यकाल ३ बर्षको हुने र सो कार्यकाल गणना गर्दा गठन

भए पछिको श्रावण महिनाको १ गते देखि पाँचौ बर्षको आषाढ मसान्त सम्मको अवधी कायम हुनेछ ।

२. एक टोल विकास संस्था भित्र कम्तीमा २५ देखि ४० घरधुरीका सदस्यहरु संगाठित हुनेछन।
३. टो.वि.स.ले सम्बन्धित वडा मातहतको अंगको रुपमा रही काम गर्नेछ।
४. टो.वि.स.मा अध्यक्ष,सचिव,कोषाध्यक्ष,एक महिला र एक दलित महिला सहितको एक कार्य समिति रहने र अन्य सबै घरधुरीका सदस्य टो.वि.स.का सदस्य हुनेछन्।कार्य समितिका सदस्यको कार्यकाल ३ बर्षको हुने र सो कार्यकाल गणना गर्दा गठन भए पछिको श्रावण महिनाको १ गते देखि तस्रो बर्षको आषाढ मसान्त सम्मको अवधी कायम हुनेछ । कार्यसमितिका सदस्यको छनौट गर्दा सर्वसम्मत , बहुमत तथा निर्वाचन जस्ता बिधीहरु अपनाइने छ।
५. टोल विकास संस्थाको आफ्नो नामको छाप, लेटरप्याड हुने र यसले सोही नामबाट आफ्नो काम कारवाही गर्नेछ।
६. टो.वि.स.ले नगरपालिकाको स्वीकृतिमा आफ्नो नाममा सम्पत्ति प्राप्त गर्न, हस्तान्तरण गर्न र बेचबिखन गर्न सक्नेछ।

## परिच्छेद २

*४.टोल विकास संस्थाका कार्य*

*१. योजना सम्बन्धी कार्यः*

क. टोलस्तरिय योजनाहरुको आवश्यक्ता पहिचाहन, सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन र प्राथमिकीकरण गरी वडा समितिमा पेश गर्ने।

ख. टोलका योजना संचालनका लागि उपभोक्ता समिति गठन गर्ने, जनश्रमदान वा नगद लागत सहभागिता जुटाउने, योजनाको अनुगमन गर्ने, सार्वजानिक परीक्षण गराउने, योजनाको फरफारक गराउने, मर्मत संभार गर्ने, टोल भित्रका योजना तथा भौतिक पूर्वाधारहरुको रेखदेख गर्ने ।

*२. आर्थिक क्षेत्रका कार्यः*

क. टोल विकास संस्थाको बचत संकलन गरी ऋण परिचालन गर्ने, सदस्यहरुको उद्यमशिलता, रोजगारी तथा आयआर्जनका अवसर पहिचाहन गरी ब्यवसायिक कार्यक्रम माग गरी संचालन गर्ने ।

ख. उद्यमी ऋणको सिफारिस गर्ने ।

ग. टोलको घरधुरी तथा परिवारको लगत राख्ने, व्यवसायको लगात राख्ने, अध्यावधिक गर्ने तथा नयाँ संरचना निर्माणको लागि नगरपालिकाबाट ईजाजत पत्र प्राप्त गर्न लगाउने।

*३. तथ्याङ्क संकलन, अध्यावधिक तथा संरक्षण सम्बन्धी कार्य*

क. टोल क्षेत्रका ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा,प्राचिन स्मारक,सार्वजानिक तथा सामुदायिक भवन,सार्वजानिक,ऐलानी,प्रति जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने ।

ख. खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा साँस्कृतिक स्थल, डाँडापाखा, चरन क्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल, पुलेसा, कूलो, नहर, पानीघट्ट, मिलको तथ्याङ्क संकलन गरी अध्यावधिक लागत राख्ने,संरक्षण गर्ने,खण्डिकृत तथ्याङ्क र सूचना सहितको टोलको पार्वचित्र तयार तथा अध्यावधिक गर्ने ।

*४. प्रवर्द्धनात्मक कार्य*

क. घरबाट निस्काशन हुने फोहोरमैलाको संकलन र व्यवस्थापन गर्ने, नियमित रुपमा सडक,चोक गल्लीहरुको सरसफाई गर्ने ।

ख. सामाजिक सुरक्षा भत्ता वितरण गर्न तथा अभिलेख राख्ने कार्यमा सहयोग गर्ने ।

ग. व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना जगाउने, घटना दर्ताको अभिलेख संकलन तथा अध्यावधिक गर्ने ।

घ. लैंगिक हिंसा,छुवाछुत, बालविवाह, बहुविवाह, वालश्रम, मनव बेचबिखन र अन्धविश्वास जस्ता सामाजिक कुरिती विरुद्ध जनचेतना जगाउने तथा संरक्षण गर्ने ।

ङ. खोप कार्यक्रमको संचालन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

च. स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने, सार्वजानिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको संचालन तथा ब्यवस्थापन गर्ने ।

छ. बाटोघाटो,चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ।

ज. घरेलु उद्योगको प्रवर्द्धन र संचालन गर्ने।

झ. सामुदायिक वन, वनजन्य सम्पदा,तथा जैविक विवधताको संरक्षण तथा प्रर्वद्धन गरी वातावरण जगेर्ना गर्ने।

ञ. सडक वालवालिकाको लगत संकलन तथा उद्धारकार्य सम्बन्धी कार्य गर्ने ।

ट. होमस्टे कार्यक्रमको प्रवर्द्धन गर्ने।

ठ. सडक बत्ती जडान तथा बिद्युत महशूल व्यवस्थापन गर्ने ।

## परिच्छेद ३

### *५. बैठक, कार्य प्रणाली तथा निर्णय प्रकृया*

१. टोल विकास संस्थाको बैठक प्रत्येक महिनाको १ गते वा पहिलो शनिवारको दिन बिहान वा दिनको ठिक.... बजे बस्नेछ।

२. अध्यक्षको निर्देशनमा सचिवले मौखिक तथा लिखित पत्राचार मार्फत समितिको बैठक बोलाउने छ ।

३. बैठकको अध्यक्षता टो.वि.स.को अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा सचिवले अध्यक्षता गर्नेछ।

४. बैठकको लागि ५० प्रतिशत सदस्यको उपस्थिती भएमा गणपुरक संख्या मानिने छ।

५. बैठकको निर्णयमा अध्यक्ष सहित ५० प्रतिशत सदस्यको हस्ताक्षर भएमा निर्णय बैधानिक भएको मानिने छ।

६. टो.वि.स.ले आफ्ना बैठकका निर्णयहरु त्रैमासिक रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।

### *६. साधारण सभा र यसका काम, कर्तब्य र अधिकार*

१. साधारण सभाको बैठक बर्षको कम्तमि १ पटक बस्नेछ।

२. साधारण सभाका कार्य देहाए बमोजिम हुनेछन् ।

क. कार्य मितिलाई आवश्यक निर्देशन तथा राय सल्लाह दिनु।

ख. टो.वि.स.को आर्थिक, संघठानिक तथा प्रशासनिक प्रगती विवरण अनुमोदन गर्नु।

ग. कार्यविधि संसोधनका लागि नगरपालिकामा सिफारिस गर्नु।

घ. उपयुक्त कारण र आधारमा अध्यक्ष, सचिव र कोषाध्यक्षलाई पदमुक्त गरी सदस्य मध्येबाट नयाँ छनौट गर्नु ।

ङ. लेखापरीक्षकको नियुक्ति गर्नु ।

## परिच्छेद ४

### *७. टो.वि.स.का अध्यक्षको काम कर्तब्य अधिकार*

१. बैठक बोलाउन लगाउने र बैठकको अध्यक्षता गर्ने

२. एजेण्डाहरु माथि छलफल गराई निर्णय गराउने ।

३. निर्णय कार्यान्वयन गराउने ।

४.संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ,

५. वडा समिति,नगरपालिका तथा अन्य निकायहरुसँग समन्वय गर्ने ।

६. मतदान प्रक्रियामा निर्णायक मत प्रदान गर्ने ।

### *८. सचिवको काम, कर्तब्य र अधिकार :*

१. निर्णय पुस्तिका जिम्मा लिई सुरक्षित राख्ने।

२. अध्यक्षको आदेश बमोजिक बैठक बोलाउने ।

३. बैठकका एजेण्डा पेश गर्ने।

४.निर्णय प्रमाणित गराउने।

५. अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने ।

६. अध्यक्षले तोकेको अन्य कार्य गर्ने ।

*९. कोषाध्यक्षको काम कर्तब्य अधिकार :*

१. कोषको आर्थिक कारोवारको तथा अभिलेख हिसाव दुरुस्त राख्ने।

२. आर्थिक कारोवारका कागजात जिम्मा लिई सुरक्षित राख्ने।

३. आर्थिक कारोवारको लेखापरीक्षण गराउने।

४. अध्यक्षले तोकेको अन्य कार्य गर्ने ।

*१०. कोष र खाता संचालन सम्बन्धी ब्यवस्था :*

१. टाल विकास संस्थाको एक कोष रहने छ र सो कोषमा देहाएको रकम रहने छ।

क. सदस्यता बापतको रकम।

ख. नियमित बचत रकम।

ग. फिर्ता भएको साँवा रकम र ब्याज प्राप्त रकम।

घ. वडा मिति, नगरपालिकाबाट प्राप्त रकम।

ङ. अन्य ब्यक्ति वा निकायबाट प्राप्त रकम।

२. टो.वि.स. कोषको खाता साधारण (चालु खर्च) र पूँजिगत (विकास खर्च) गरी २ वटा खातामा राखिने छ । साधारण खातामा सदस्यता बापतको रकम,नियमित बचत रकम,फिर्ता भएको साँवा रकम, ब्याज प्राप्त रकम जस्ता बचतकर्ता सदस्यको नीजि रकम र यसले बढे/बढाएको रकमको कारोवार गरिने छ भने पूँजिगत खातामा विकास निर्माणसँग सम्बन्धित कामकाजको आर्थिक कारोवार गरिने छ।

३. टो.वि.स.को साधारण र विकास दुवै खाताको संचालन अध्यक्ष,सचिव र कोषाध्याक्षको संयुक्त दस्तखतबाट हनेछ।

## परिच्छेद ५

*११. पदमुक्त हुने अवस्थाः*

१. टोल विकास संस्थाका कुनै पदाधिकारी सदस्यले मनासिव कारणका आधारमा आफ्नो पदबाट अध्यक्ष समक्ष राजिनामा दिई अलग रहन सक्नेछ । टोल विकास संस्था छाड्नु परेमा आफ्नो पदिय दायित्व पुरा गरी आफूले प्राप्त गर्न पाउने आर्थिक तथा अन्य सुविधाहरु लिई

छाड्न पाउनेछ । अध्यक्षले कार्य समिति मार्फत साधारण सभामा आफ्नो पदबाट राजिनामा दिन सक्नेछ र यस्तो राजिनामा स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. खराब आचरण, नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भएको, आर्थिक हिनामिना तथा आफ्नो पदिय जिम्मेवारी पुरा नगरेको लगाएत उपयुक्त आधारमा अध्यक्ष, सचिव र कोषाध्यक्ष र संस्थाको कुनै सदस्यलाई साधारण सभाले पदमुक्त गरी सदस्य मध्येबाट नयाँ छनौट गर्नेछ ।

### *१२. बाधा अड्काउ फुकाउने*

टोल विकास संस्थाको कार्यविधिको ब्याख्या,टोल विकास संचालन गर्दा आई पर्ने कुनै प्रकारको समस्या समाधानका लागि बाधा अड्काउ फुकाउने तथा कार्यविधि संशोधनको अधिकार नगर सभालाई हुनेछ।

### *१३. खारेजी*

१. टो.वि.स.को आर्थिक हिनामिना गरेको, कार्यविधि तथा प्रचलित कानून बमोजिम आफ्नो काम कर्तव्य पुरा नगरेको तथा अन्य उपयुक्त र कारणका आधारमा नगरपालिकाले टोल विकास संस्थालाई खारेज गर्न सक्ने छ।

२. नगरपालिकाले टोल विकास संस्थाहरु मध्येबाट वडास्तरिय टोल विकास समन्वय समिति र नगर स्तरीय टोल विकास समन्वय समिति गठन गर्न र टोल विकास संस्था संचालन सम्बन्धी कार्यहरु यिनै समन्वय समितिहरु बाट संचालन गर्न सक्नेछ।

*प्रमाणीकरण मितिः- २०७६/०९/२५*

**आज्ञाले**
**(बाबुराम अर्याल)**
**प्रमुख प्रशासकीय अधिकृत**